श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं.६

माननीय न्यायाधीश श्री जनक पाण्डे

माननीय न्यायाधीश श्री प्रकाश खरेल

विषयः-वेरितको आदेश बदर गरिपाउँ।

प्रतिवेदन नं. ०८०-RE-००९८

नरेन्द्र के.सी.........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-००९९

टेक नारायण पाण्डे...................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०१०४

आङटावा शेर्पा.......................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०१०५

डा.ईन्द्रजित राई.....................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०१०३

सानु भण्डारी..........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०१०६

हरीभक्त महर्जन..........................................................................निवेदक

विरुद्ध

नेपाल सरकार..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०१०७

लक्ष्मी महर्जन..........................................................................निवेदक

विरुद्ध

नेपाल सरकार..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०१०८

सन्देश शर्मा..........................................................................निवेदक

विरुद्ध

नेपाल सरकार..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०१०९

शम्शेर मिया..........................................................................निवेदक

विरुद्ध

नेपाल सरकार..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०११०

गोविन्द चौधरी..........................................................................निवेदक

विरुद्ध

नेपाल सरकार..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२७४

आषिश वुढाथोकी..........................................................................निवेदक

विरुद्ध

नेपाल सरकार..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२८३

नेपाल सरकार..........................................................................निवेदक

विरुद्ध

टंक कुमार गुरुङ..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२८४

संदिप रायमाझी..........................................................................निवेदक

विरुद्ध

नेपाल सरकार..........................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२८५

टेकनाथ रिजाल........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२८६

केशव प्रसाद दुलाल........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं.८०-RE-०२८७

टंक कुमार गुरुङ........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२८८

बालकृष्ण खाण........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२९१

राम शरण के.सी. ........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२८९

टोप बहादुर रायमाझी........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०२९०

सागर राई........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०६१२

केशव तुलाधर........................................................................................निवेदक

विरुद्ध

नेपाल सरकार........................................................................................विपक्षी

प्रतिवेदन नं. ०८०-RE-०५४७

नेपाल सरकार.................................................................................निवेदक

विरुद्ध

केशव तुलाधर...............................................................................विपक्षी

मुद्दा :- ठगि,लिखत किर्ते,राज्य विरुद्ध र संगठित अपराध सम्बन्धी ।

निवेदन प्रतिबेदन सहितको सक्कल मिसिल अध्ययन गरी निवेदक नरेन्द्र के.सी.का तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री केशरमणी अर्याल,श्री पकंज कुमार कर्ण,श्री पुरुषोत्तम अर्याल,श्री धर्मराज खनाल र श्री विष्णु प्रसाद अर्याल निवेदक टेक नारायण पाण्डेका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमनकुमार श्रेष्ठ,विद्वान अधिवक्ताहरु श्री आशिष पन्त र श्री रक्षा बस्याल,निवेदक आङटावा शेर्पाका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री योगेन्द्र बहादुर अधिकारी,विद्वान अधिवक्ताहरु श्री मणिराम उपाध्याय, श्री चिरञ्जिवी उपाध्याय,निवेदन इन्द्रजित राईका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री प्रकाश के.सी.श्री डिल कुमारी राई,निवेदक सानु भण्डारीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमन कुमार श्रेष्ठ,विद्वान अधिवक्ताहरु श्री शरद प्रसाद कोइराला,श्री विनोद शर्मा र श्री चुडामणी पोखरेल,निवेदक हरिभक्त महर्जन तथा निवेदक लक्ष्मी महर्जनका तर्फबाट उपस्थित अधिवक्ता श्री डा.रञ्जितभक्त प्रधानाङ्ग,निवेदक सन्देश शर्माका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु रमन कुमार श्रेष्ठ, श्री कुमार शर्मा आचार्य विद्वान अधिवक्ताहरु श्री भरतमणी खनाल,श्री शरद प्रसाद कोइराला,श्री उदयन रेग्मी,श्री अतित बाबु रिजाल,मंगल महर्जन,श्री शुशिला कार्की,निवेदक शम्शेर मियाका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री मन्दिरा अधिकारी,श्री धर्मराज रेग्मी,निवेदक गोविन्द चौधरीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री दामोदर अधिकारी,श्री राम सुब्बा,निवेदक आषिश बुढाथोकीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राजु कटुवाल,श्री लिलानाथ घिमिरे,निवेदक टेकनाथ रिजालका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राज कुमार सुवाल,श्री राजेन्द्र सेढाई,निवेदक केशव दुलालका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री योगेन्द्र बहादुर अधिकारी,अधिवक्ता श्री राजन भट्टराई,निवेदक टंक कुमार गुरुङका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री योगेन्द्र बहादुर अधिकारी,विद्वान अधिवक्ताहरु श्री चुडामणी पोखरेल,श्री विनोद शर्मा,निवेदक बालकृष्ण खाँणका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री बद्रीबहादुर कार्की, श्री प्रेम बहादुर खडका,श्री हरिहर दाहाल,श्री महादेव यादव,श्री सुरेन्द्रकुमार महत्तो, ,श्री कृष्णप्रसाद सापकोटा,श्री गोपालकृष्ण घिमिरे तथा विद्वान अधिवक्ताहरु श्री खम्म बहादुर खाती,श्री पुरुषोत्तम अर्याल,श्री मणिराम उपाध्याय,श्री चिरञ्जिवी उपाध्याय, निवेदक टोप बहादुर रायमाझीका तर्फबाट उपस्थित तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री रमेश बडाल,श्री सुशिलकुमार पन्त,विद्वान अधिवक्ताहरु श्री धर्मराज रेग्मी,श्री आकृती रायमाझी,श्री करुणाकर मल्लिक, निवेदक सागर राईका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री प्रकाश पौडेल,श्री सन्तोष प्रसाद भट्ट,निवेदक राम शरण के.सी.का तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु

श्री रामचन्द्र सिंखडा र शारदा अर्याल, निवेदक केशव तुलाधरका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमनकुमार श्रेष्ठ विद्वान अधिवक्ता रमेश महर्जन तथा विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री शंकर खत्री, उप न्यायाधिवक्ताहरु श्री महेश कुमार खत्री र श्री प्रकाश घिमिरे, सहायक न्यायाधिवक्ताहरु श्री शान्ति विक्रम शाह,श्री ममता श्रेष्ठ,श्री हरि पुन. मगर,श्री महदत्त पौडेल र श्री बियन तिमल्सिना ले गर्नु भएको बहस जिकिर समेत सुनियो।

प्रस्तुत मुद्दामा निवेदक प्रतिवादीहरु नरेन्द्र के.सी., टेक नारायण पाण्डे, आङटावा शेर्पा, डा.ईन्द्रजित राई, सानु भण्डारी, हरिभक्त महर्जन, सन्देश शर्मा, शम्शेर मियाँ, गोविन्द कुमार चौधरी,सन्दिप रायमाझी, टेकनाथ रिजाल, केशव प्रसाद दुलाल, बालकृष्ण खाँण, रामशरण के.सी., टोप बहादुर रायमाझी, सागर राईले काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०३/०१ मा मुलुकी फौजदारी संहित,२०७४ को दफा ६७(१)(ख)बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश बदर गरी साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गरी पाउँ भनी निवेदन दिएको देखिन्छ। निवेदक प्रतिवादीहरु लक्ष्मी महर्जन र टंक कुमार गुरुङले काठमाडौं जिल्ला अदालतबाट सोही मितिमा ऐ.दफा ६८ बमोजिम धरौटी माग गरी भएको आदेश बदर गरी साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गरीपाउँ भनी निवेदन दिएको देखिन्छ।

त्यस्तै काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०३/१५ मा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश विरुद्ध आषिश बुढाथोकीको निवेदन परेको तथा काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०३/३१ मा धरौटी माग गर्ने गरी भएको आदेश विरुद्ध प्रतिवादी केशव तुलाधरको निवेदन परेको अवस्था छ। साथै, प्रतिवादी लक्ष्मी महर्जन,केशव तुलाधर र टंक कुमार गुरुङलाई धरौटी माग गरेको आदेश बदर गरी थुनामा राखी मुद्दाको पुर्पक्ष गरीपाउँ भनी वादी नेपाल सरकारको निवेदन परेको देखिन्छ।

अब, काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०३/०१,२०८०/०३/१५ र मिति २०८०/०३/३१ मा भएको आदेश मिलेको छ/छैन भनी हेर्दा निवेदक प्रतिवादीहरु टेक नारायण पाण्डे, डा.ईन्द्रजित राई, टोप बहादुर रायमाझी, केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, विक्रम भन्ने गोविन्द कुमार चौधरी, सन्देश शर्मा, आङटावा शेर्पाको हकमा विचार गर्दा यी प्रतिवादीहरु उपरको जाहेरी दरखास्त,प्रतिवादीहरुको एक आपसको पोल बयान, पिडितहरुको घटना विवरण कागज समेतका तत्काल प्राप्त प्रमाणहरुका आधारमा यी निवेदक प्रतिवादीहरु टेक नारायण पाण्डे, डा.ईन्द्रजित राई, टोप बहादुर रायमाझी, केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, विक्रम भन्ने गोविन्द कुमार चौधरी, सन्देश शर्मा, आङटावा शेर्पालाई मुद्दा पुर्पक्षका निम्ति थुनामा राख्ने गरी भएको तहाँ अदालतको मिति २०८०/०३/०१ को आदेश मिलेको नै देखिंदा परिवर्तन गरि रहनु परेन। कानून बमोजिम गर्नू।

**निवेदक प्रतिवादी नरेन्द्र के.सी. को हकमा विचार गर्दा,** जाहेरवाला तथा घटना विवरण कागज गर्ने पिडितहरुले यी प्रतिवादीले ठगी गरेको वा निजहरुबाट रकम लिएको भनि प्रतिवादी

नरेन्द्र के.सी.को नाम उल्लेख गरेका छैनन्। सह प्रतिवादीहरुले पनि यी प्रतिवादी अभियोगदावीको कसुरमा संलग्न रहेको भनि पोल गरेको देखिदैन। प्रतिवादी अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष बयान गर्दा अभियोगदावीको कसुरमा पुर्णत ईन्कार रहि बयान गरेको देखिन्छ। अनुसन्धानको सिलसिलामा संकलित सबुद प्रमाणबाट यी प्रतिवादीले ठगीको रकम प्राप्त गरेको पुष्टी हुन नसकेको अवस्था समेतलाई विचार गर्दा प्रतिवादीलाई मुद्धा पुर्पक्षका निम्ति थुनामा राख्ने गरि भएको तहां अदालतको मिति. २०८०।३।१ को आदेश वेरितको देखिदां बदर गरिदिएको छ । अव यी सह-प्रतिवादी केशव दुलाल र टेक नारायण पाण्डे विच भएको mobile message मा यि प्रतिवादीको नाम समेत उल्लेख भएका समेतका तत्काल प्राप्त प्रमाणका आधारमा पछि बुझ्दा ठहरे बमोजिम हुने गरि हाल यी निवेदक प्रतिवादी नरेन्द्र के.सी.बाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम रु १०,००,०००।-(अक्षरुपी दश लाख) नगद, धरौटी वा बैंक जमानत दिए लिई तारेखमा राखि मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नु।

निवेदक हरिभक्त महर्जनको हकमा विचार गर्दा, जाहेरवाला तथा घटना विवरण कागज गर्ने पिडितहरुले यी प्रतिवादीले ठगी गरेको वा निजहरुवाट रकम लिएको भनि प्रतिवादी हरिभक्त महर्जनको नाम उल्लेख गरेका छैनन्। अन्य सह प्रतिवादीहरुले पनि यी प्रतिवादीलाई पोल गरेको देखिदैन। प्रतिवादी अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष बयान गर्दा अभियोगदावीको कसुरमा पुर्णत ईन्कार रहि आफु देगःबचत तथा ऋण सहकारी संस्थाको संचालक रहेको, सहकारीको लागि रकम आवश्यक भै रहेको अवस्थामा आफ्नु चिनजानका मानिस यस मुद्धाका सह-प्रतिवादी सन्देश शर्मावाट सहकारीको लागि भनि रकम माग गरि मैले आफ्नु श्रीमती प्रतिवादी लक्ष्मी महर्जन तथा सहकारीका हाकिम प्रतिवादी केशव तुलाधर समेतको खातामा रकम हाल्न लगाएको हो भनी बयान गरेको देखिन्छ । जाहेरवाला गजेन्द्र बुढाथोकीले रकम पठाएको देखिएता पनि निजले यी प्रतिवादी समेतले ठगी गरेको भनी यी प्रतिवादी उपर पोल उजुर गरेको नदेखिएको अवस्था समेतलाई विचार गर्दा प्रतिवादीलाई मुद्धा पुर्पक्षका निम्ति थुनामा राख्ने गरि भएको तहां अदालतको मिति २०८०।३।१ को आदेश वेरितको देखिदां बदर गरिदिएको छ । अव यी प्रतिवादी समेतका प्रतिवादी लक्ष्मी महर्जन तथा केशव तुलाधरको खातामा रकम आएको समेतका तत्काल प्राप्त प्रमाणका आधारमा पछि बुझ्दा ठहरे बमोजिम हुने गरि हाल यी निवेदक प्रतिवादी हरिभक्त महर्जनबाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम रु.१५,००,०००/-(अक्षरुपी पन्ध्र लाख) नगद, धरौटी वा बैंक जमानत दिए लिई तारेखमा राखि मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नु ।

निवेदक प्रतिवादी लक्ष्मी महर्जनको हकमा विचार गर्दा, मिसिल संलग्न जाहेरी दर्खास्त,पिडितहरुको घटना विवरण कागज,तथा सहप्रतिवादीहरुको बयानबाट यी प्रतिवादीको कसुरमा संलग्न रहेको भनि उल्लेख भएको देखिदैन। प्रतिवादी लक्ष्मी महर्जन आरोपित कसुरमा पुर्णत ईन्कार रहि बयान गरेको देखिन्छ। सह प्रतिवादी हरिभक्त महर्जनले अदालत समक्ष बयान गर्दा मैले निजको खाता नं प्रतिवादी सन्देश शर्मालाई पैसा पठाईदिनको लागि दिएको भन्ने कुरा

उनलाई थाहा थिएन ,मैले मेरो श्रीमति प्रतिवादी लक्ष्मी महर्जनको खाता तथा कनेक्ट आई.पि.एस. चलाएर उक्त रकम मेरो संस्थाको प्रयोगको लागि मेरो खातामा टान्सफर गरेको हो,त्यो कार्यमा मेरो श्रीमतिको संलग्नता छैन भनि गरिदिएको बयान समेतका तत्काल प्राप्त प्रमाणहरुवाट यी निवेदक प्रतिवादी लक्ष्मी महर्जनको कसुरमा संलग्नता पुष्टी भएको नदेखिंदा निजलाई मुद्दा पुर्पक्षका निम्ति धरौटी तारेखमा राख्ने गरि भएको तहां अदालतको मिति २०८०/०३/०१ को आदेश वेरितको देखिदां बदर गरिदिएको छ। अव,मुद्दाको कारवाहीका क्रममा संकलित सबुद प्रमाणबाट ठहरिए बमोजिम हुने गरी यी निवेदक प्रतिवादी लक्ष्मी महर्जनलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नुहोला।

**निवेदक प्रतिवादी शम्शेर मियांको हकमा विचार गर्दा,** जाहेरी दरखास्त व्यहोरा तथा घटना विवरण कागज गर्ने पिडितहरुको कागज व्यहोराबाट यी प्रतिवादीले ठगी गरेको वा निजहरुवाट रकम लिएको भनि प्रतिवादी समसेर मियांको नाम उल्लेख भएको देखिएन। प्रतिवादी अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष बयान गर्दा अभियोगदावीको कसुरमा पुर्णत ईन्कार छन । सह प्रतिवादीहरुको बयानवाट यी प्रतिवादी समसेर मियांको कसुरमा संलग्नता रहेको समर्थित नभएको अवस्थामा निज प्रतिवादीलाई मुद्धा पुर्पक्षका निम्ति थुनामा राख्ने गरि भएको तहां अदालतको मिति २०८०।३।१ को आदेश वेरितको देखिदां वदर गरिदिएको छ । यी प्रतिवादीको सरकारी सुविधाको गाडी ठगीको रकम ओसार पसार गर्न प्रयोग भएको भन्ने घटना विवरण कागज गर्ने झपट बहादुर खत्रीको कागज ब्यहोरावाट खुलेको समेतका तत्काल प्राप्त प्रमाणहरुका आधारमा यी निवेदक प्रतिवादी सम्सेर मियांवाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम रु.१०,००,०००/-(अक्षरुपी दश लाख) नगद, धरौटी वा बैक जमानत दिए लिई तारेखमा राखि मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नु ।

**निवेदक प्रतिवादी आशिष बुढाथोकीको हकमा विचार गर्दा,** जाहेरवाला रविन्द्र कार्कीको जाहेरी दरखास्त तथा घटना विवरण कागज गर्ने पुर्णबहादुर अधिकारीको कागज ब्यहोरामा यि प्रतिवादीको नाम उल्लेख भएपनि यी प्रतिवादीसंग जाहेरवालाको भेटघाट भएको वा प्रतिवादीले निजहरुसंग रकम माग गरेको देखिदैन। प्रतिवादी आफ्नो खातामा जाहेरवालावाट रकम आएको तथ्यमा स्वीकार गरे पनि आरोपित कसुरमा पूर्णत इन्कार रहि बयान गरेको देखिन्छ । जाहेरवाला रविन्द्र कार्कीवाट यी प्रतिवादीको खातामा जम्मा भएको रकम तत्कालै प्रतिवादी मध्येका केशव प्रसाद दुलालको पन्नि यस मुद्धाका अर्का प्रतिवादी दिपा हुमागाइको खातामा transfer भएको अवस्था मिसिल संलग्न कागजहरुवाट देखिन्छ। सह प्रतिवादीहरुको बयानवाट समेत यी प्रतिवादी आशिष बुढाथोकी कसुरमा संलग्न भएको भनि समर्थित हुन नसकेको समेतका तत्काल प्राप्त प्रमाणहरुवाट यी निवेदक प्रतिवादी आशिष बुढाथोकीलाई मुद्धा पुर्पक्षका निम्ति थुनामा राख्ने गरि भएको तहां अदालतको मिति २०८०/०३/१५ को आदेश वेरितको देखिंदा बदर गरिदिएको

छ। अब यी निवेदक प्रतिवादी आशिष वुढाथोकीलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नुहोला।

निवेदक प्रतिवादी संदिप रायमाझीको हकमा विचार गर्दा, मिसिल संलग्न जाहेरी दरखास्त तथा पिडितहरुको घटना विवरण कागजबाट यी प्रतिवादी संदिप रायमाझीले पिडितहरुसंग रकम लिएको देखिएन। प्रतिवादीले अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष बयान गर्दा अभियोग दावीको कसूरमा इन्कार रहेका छन्। अनुसन्धानका सिलसिलामा संकलित सबुद प्रमाणबाट निज प्रतिवादीको कसुरमा संलग्नता पुष्टी हुन नसकेको अवस्थामा यि प्रतिवादीलाई मुलुकी फौजदारी संहिता,२०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०३/०१ मा भएको आदेश बदर गरिदिएको छ। प्रतिवादी सानु भण्डारीको अधिकार प्राप्त अधिकारी समक्षको बयान समेतका तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी संदिप रायमाझीलाई ऐ.संहितको दफा ६८(१) बमोजिम नगद रु.३०,०००,००/- (अक्षरुपी तीस लाख) नगद, धरौटी वा बैक जमानत दिए लिई तारेखमा राखि मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नु।

निवेदक प्रतिवादी टेकनाथ रिजालको हकमा विचार गर्दा,प्रतिवादी टेकनाथ रिजाल नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजाने समेतका कसुरमा अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष बयान गर्दा ईन्कार रहेका छन। यी प्रतिवादीले जाहेरवाला समेतका मानिसहरुवाट रकम लिएको पुष्टी हुन सकेको छैन। अभियोग दावीको कसुरमा यी प्रतिवादीको प्रत्यक्ष सहभागिता पुष्टी हुन नसकेको, प्रतिवादीको उमेर ७६ बर्षको भै ज्येष्ठ नागरिक देखिएको, निजको मानसिक स्वास्थ समेतमा समस्या देखिएको तथा प्रतिवादी शरणार्थी नेता भै नेपालमा निर्वाशित जिवन व्यतित गरि निज अन्य देशमा भागि जाने अवस्था समेत नदेखिदां प्रतिवादी टेकनाथ रिजाललाई मुलुकी फौजदारी कार्यविधी संहिता ,२०७४ को ६७ बमोजिम थुनामा राखि मुद्धाको पुर्पक्ष गर्ने गरि भएको तहाँ अदालतको मिति २०८०।०३।०१ को आदेश मिलेको नदेखिदां बदर गरिदिएको छ । अब प्रतिवादी रामशरण के.सी. को बयान समेतका तत्काल प्राप्त प्रमाणहरुवाट यी प्रतिवादी टेकनाथ रिजाललाई मुलुकी फौजदारी संहिता,२०७४ को दफा ६८ र ७२ बमोजिम रु.१५,००,०००/-(अक्षरुपी पन्ध्र लाख) नगद, धरौटी वा बैक जमानत दिए लिई तारेखमा राखि मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नु ।

निवेदक प्रतिवादी टंक कुमार गुरुङ हकमा विचार गर्दा, मिसिल संलग्न जाहेरी दर्खास्त, पिडितहरुको घटना विवरण कागज,तथा सहप्रतिवादीहरुको बयानबाट यी प्रतिवादीको कसुरमा संलग्न रहेको भनि उल्लेख भएको देखिदैन। प्रतिवादी टंक कुमार गुरुङले अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष आरोपित कसुरमा पुर्णत ईन्कार रहि बयान गरेको देखिन्छ। यि प्रतिवादीले सञ्चालन गरेको होटल रेष्टुरेण्टमा अन्य प्रतिवादीहरु आएको,मिटिङ गरेको कारणबाट मात्र यि प्रतिवादी अहिले नै कसुरमा संलग्न रहेको भनी मात्र मिल्ने नदेखींदा प्रतिवादी टंक कुमार गुरुङ्गलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको तहाँ अदालतको मिति २०८०/०३/०१

को आदेश बदर गरीदिएको छ। मुद्दाको कारवाहीको क्रममा संकलित सवुद प्रमाणबाट ठहरे बमोजिम हुने गरी यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नुहोला।

निवेदक प्रतिवादी केशव तुलाधरको हकमा विचार गर्दा, प्रस्तुत मुद्धाको जाहेरी दर्खास्त,पिडितहरुको घटना विवरण कागज,तथा सहप्रतिवादीहरुको बयानबाट यी प्रतिवादी कसुरमा संलग्न रहेको भनि उल्लेख भएको देखिदैन ।प्रतिवादी अदालत समेतमा बयान गर्दा कसुरमा पुर्णत ईन्कार रहेका छन । सह प्रतिवादी हरिभक्त महर्जनले अदालत समक्ष बयान गर्दा मेरो अफिसको बोस प्रतिवादी केशव तुलाधरलाई उक्त समय कोरोना भई हस्पिटलमा राखेको थियो। सो अवस्थामा वहांको नामको खाता नं मैले प्रतिवादी सन्देश शर्मालाई दिएको हो,उक्त कुरा प्रतिवादी केशव तुलाधरलाइ थाहा थिएन भनि गरिदिएको बयान तथा देगः बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७८।१।२० को प्रतिवादी हरिभक्त महर्जनलाई गरिदिएको मिसिल संलग्न अधिकार प्रत्यायोजन निर्णय समेतका तत्काल प्राप्त प्रमाणहरुवाट यी निवेदक प्रतिवादी केशव तुलाधरलाई मुद्धा पुर्पक्षका निम्ति धरौटी तारेखमा राख्ने गरि भएको तहां अदालतको मिति २०८०/०३/३१ को आदेश वेरितको देखिदां बदर गरिदिएको छ । अव यी निवेदक प्रतिवादी केशव तुलाधरलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नुहोला।

निवेदक प्रतिवादी राम शरण के.सी.को हकमा विचार गर्दा,प्रतिवादी रामशरण के.सी. अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष बयान गर्दा आफु र आफन्त समेत अमेरिका जान भनि सानु भण्डारीलाई पैसा दिएको व्यहोरा उल्लेख गरी प्रस्तुत कसुर वारदातको पिडित भएको व्यहोरा उल्लेख गरेको देखिएको छ। आफुलाई ठगी भएको व्यहोरा उल्लेख गरी निजले तत्कालै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता गरेको समेत अवस्था छ। अनुसन्धानका सिलसिलामा संकलित सवुद प्रमाणवाट प्रतिवादी अहिले नै कसुरदार पुष्टी हुन नसकेको तथा निजको स्वास्थ्य अवस्था समेतलाई विचार गरर्दा प्रतिवादीलाई मुलुकी फौजदारी संहिता,२०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी काठमाडौं जिल्ला अंदालतबाट मिति २०८०/३/१ मा भएको आदेश वेरितको हुँदा बदर गरिदिएको छ। प्रतिवादी राम शरण के.सी.लाई ऐ.संहितको दफा ६८(१) बमोजिम नगद रु.१५,०००,००/- (अक्षरुपी पन्ध्र लाख) नगद, धरौटी वा बैक जमानत दिए लिई तारेखमा राखि मुद्धाको पुर्पक्ष गरी नियमानुसार गर्नु ।

निवेदक बालकृष्ण खाँणको हकमा विचार गर्दा, जाहेरवाला तथा घटना विवरण कागज गर्ने पिडितहरुले यी निवेदक प्रतिवादी बालकृष्ण खाँणले ठगी गरेको वा निजहरुवाट रकम लिएको भनि यी प्रतिवादीको नाम उल्लेख गरेका छैनन्। प्रतिवादी अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष बयान गर्दा अभियोगदावीको कसुरमा पुर्णत ईन्कार रही बयान गरेको देखिन्छ। घटना विवरण कागज गर्ने तत्कालिन अवस्थामा गृह मन्त्रालयमा कार्यरत स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाका प्रमुख शाखा अधिकृत यन्तोष प्रधानले बालकृष्ण पन्थींको कार्यदलले तयार पारेको

प्रतिवेदन पछिल्लो समयमा मन्त्रीपरिषदवाट फिर्ता आई आफ्नो जिम्मामा रहेको,विभिन्न समयमा उक्त प्रतिवेदन शाखा प्रमुख सागरमणि पाठक,उपसचिव शेखर पौडेल,महाशाखा प्रमुख फणिन्द्रमणि पोखरेल तथा सचिव टेक नारायण पाण्डेले माग्ने गरेका थिए,के कसरी उक्त प्रतिवेदनको समानान्तर अर्को प्रतिवेदन तयार भयो आफुलाई थाहा नभएको भनि आफ्नो ब्यहोरा लेखाएको देखिन्छ। प्रस्तुत मुद्धाका सह प्रतिवादी टेकनारायण पाण्डेको बयान समेतवाट यी निवेदक प्रतिवादीले उक्त प्रतिवेदन मागेको अथवा उक्त प्रतिवेदनमा कुनैचासो राखेको देखिदैन। निवेदक प्रतिवादीलाई शुरु जिल्ला अदालतले थुनामा राख्दा प्रस्तुत मुद्दाका प्रतिवादीहरु केशव दुलाल र अर्का प्रतिवादी टेक नारायण पाण्डे विच भएको टेलिफोन सम्वादलाई पनि लिएको देखिन्छ। उक्त सम्वादमा उल्लेख भएको गिफट भनेको रकम हो र उक्त रकम प्रतिवादी केशव दुलालवाट यी प्रतिवादीले लिएको भन्ने दावीका सम्बन्धमा मुद्धा अनुसन्धानका क्रममा बयान तथा ततिम्बा बयान गर्दा प्रतिवादी केशव दुलालले उक्त तथ्यमा ईन्कार गर्दै आफुले प्रतिवादी बालकृष्ण खाँणलाई नभेटेको तथा निजलाई कुनै रकम नदिएको भनि उल्लेख गरेको पाईयो। ततिम्बा बयानमा निज प्रतिवादी केशव दुलालाले टेक नारायण पाण्डेलाई रु १,२५,००,०००।– दिएको भनि उल्लेख गरेको देखिन्छ ।प्रस्तुत मुद्धाका प्रतिवादी आङटावा शेर्पाले गरेको घटना विवरण कागज हेर्दा आङटावा शेर्पा प्रस्तुत मुद्धामा पहिला सरकारी साक्षीको रुपमा घटना विवरण कागज गरेको तथा तुरुन्तै पछि प्रतिवादी कायम गरेकोमा अनुसन्धान अधिकारी एवं अदालत समक्ष बयान गर्दा घटना विवरण कागजलाई यातना दिई गराईएको भनि अस्वीकार गरि आफु कसुरमा ईन्कार रही बयान गरेको पाईयो ।प्रतिवादी टेक नारायण पाण्डेले प्रतिवादी नरेन्द्र के.सी.लाई सम्बोधन गरी लेखेको चिटमा प्रतिवादी बालकृष्ण खाँणको नाम उल्लेख नभएको तथा उक्त कागज प्रतिवादी टेकनारायण पाण्डेले आफु पक्राउ परेपछि लेखेको भन्ने तथ्य निजको बयान तथा निज बसेको प्रहरीको हिरासतकक्ष खानतलासी गर्दा डायरी तथा पेन बरामद गरेको मिसिल संलग्न बरामदी मुचुल्कावाट देखिन्छ। यसरी प्रतिवादी बालकृष्ण खाँण विरुद्ध किटानी जाहेरी नपरेको,निज अनुसन्धान अधिकारी एवं अदालत समक्ष कसुरमा ईन्कार रहेको, सहप्रतिवादिहरुले यी प्रतिवादी कसुरमा संलग्न रहेको भनि पोल नगरेको तथा मिसिल संलग्न अन्य तत्काल प्राप्त प्रमाणहरुवाट यी निवेदक प्रतिवादी बालकृष्ण खाँणलाई थुनामा नै राखी मुद्धा पुर्पक्ष गर्नुपर्नेसम्मको आधार,कारण र अवस्थाको विध्यमानता रहेको नदेखिदां निवेदक प्रतिवादी बालकृष्ण खाँणलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्धा पुर्पक्षका निम्ति थुनामा राख्ने गरि भएको तहां अदालतको मिति २०८०।३।१ को आदेश बेरितको देखिदां बदर गरिदिएको छ । अव यी प्रतिवादीको नाम जाहेरवाला प्रेमराज पन्थीको जाहेरीको पेटबोलीमा उल्लेखसम्म भएको देखिदां पछि प्रमाण परिक्षण र मुल्याङन गर्दै जांदा ठहरे बमोजिम हुने नै देखिदां हाललाई यी निवेदक प्रतिवादी बालकृष्ण खांडलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२

बमोजिम रु ३०,००,०००।-(अक्षरुपी तीस लाख) नगद धरौटी,जमानत वा बैंक जमानत लिई तारेखमा राखि मुद्दाको पुर्पक्ष गरी नियमानुसार गर्नु।

न्यायाधीश

न्यायाधीश

यसमा उपयुक्त अनुसारका प्रतिवादीहरु मध्ये प्रतिवादी बालकृष्ण खाँण बाहेकका अन्य प्रतिवादीहरुका हकमा माननीय न्यायाधीश श्री जनक पाण्डेबाट भएको आदेश रायसंग सहमत भएको छु।प्रतिवादी बालकृष्ण खाँणका हकमा प्रतिवादी टेक नारायण पाण्डे र केशव दुलाल बिचको mobile message, प्रतिवादी नरेन्द्र के.सी बाट बरामद भएको प्रतिवादी टेक नारायण पाण्डेले प्रतिवादी नरेन्द्र के.सी.लाई लेखी दिएको कागज,प्रतिवादी आङटावा शेर्पाको घटनाविवरण कागज तथा सह प्रतिवादी टेक नारायण पाण्डेको अधिकार प्राप्त अधिकारी समक्षको मिति २०८०/१/२७ को ततिम्बा बयान समेतका तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी बालकृष्ण खाँण अभियोग दावीको कसुरमा अहिले नै निर्दोष रहेछन भनी विश्वास गर्न मिल्ने मनासिब आधार नदेखिएको हुँदा माननीय न्यायाधीश जनक पाण्डेबाट निज प्रतिवादीलाई मुलुकी फौजदारी संहित,२०७४ को दफा ६८ र ७२ बमोजिम नगद रु.३०,०००,००/-(अक्षरुपी तीस लाख) धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेशसंग सहमत हुन सकिएन।प्रतिवादी बालकृष्ण खाँणलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०३/०१ मा भएको आदेश मनासिब देखीदा परिवर्तन गरि रहनु परेन।कानून बमोजिम गर्नु।

प्रतिवादी बालकृष्ण खाँणको हकमा आदेश, राय मतैक्यता हुन नसकेकोले प्रस्तुत फरक राय सहितको निवेदक बालकृष्ण खाँण विपक्षी नेपाल सरकार भएको ०८०-RE-०२८८ को प्रतिवेदन उच्च अदालत नियमावली,२०७३ को नियम १२ बमोजिम तेस्रो न्यायाधीश समक्ष पेश गर्नु।

न्यायाधीश

ईति संवत् २०८० साल मंसिर महिना १५ गते रोज ६ शुभम्.................................।